मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश, विराटनगर, नेपाल

## कोशी प्रदेश सरकारको अपिल

नेपालको कर्णाली प्रदेश स्थित जाजरकोट, रुकुम-पश्चिम तथा अन्य जिल्लाहरुमा मिति २०८०।०७।१७ गते राती गएको भुकम्पमा परी ज्यान गुमाउनु हुने महानुभावहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गरिएको छ।

जाजरकोट जिल्लाको बारेकोट गाँउपालिका वडा नं. १ रामिडाँडा केन्द्रबिन्दु भएर गएको यस भुकम्पको कारण प्रभावित क्षेत्रमा ठुलो मानवीय, आर्थिक तथा भौतिक क्षती भएको सूचनाहरु प्राप्त भइरहेका छन्। प्राकृतिक विपद्को यस समयमा भुकम्पवाट प्रभावित क्षेत्रमा प्रभावकारी रुपमा उद्धार, राहत, स्वास्थ्य उपचार आदि कामका सिघ्रताका साथ जुट्न विभिन्न संघ, संस्था, निकाय एवं नागरिक समाज लगायत सम्बन्धित सवैमा हार्दिक अपिल गर्दछौ।

प्रभावित क्षेत्रमा तत्काल राहत सहायता पुर्‍याउने उद्देश्यका साथ कोशी प्रदेश सरकारको मिति २०८०।०७।१८ गतेको मन्त्रिपरिषद्को बैठकवाट आवश्यक मानवीय सहयोग सामाग्री कर्णाली प्रदेश सरकारलाई पठाउने व्यवस्था मिलाइएको र सरकारको तर्फवाट भुकम्प प्रभावित क्षेत्रमा उद्धार, राहत, उपचार, पुनर्स्थापना, पुनःनिर्माण लगायतका कार्यमा सहयोग पुर्‍याउन कर्णाली प्रदेश विपद् व्यवस्थापन कोषमा जम्मा हुनेगरी रु १,००,००,०००।- (रु एक करोड) आर्थिक सहयोग गर्ने निर्णय गरिएको छ।

प्राकृतिक प्रकोप तथा अन्य मानवीय व्यवस्थापनका क्षेत्रमा कोशी प्रदेश सरकारवाट आवश्यक समन्वय तथा सहकार्य निरन्तररुपमा भई रहनेछ।

मिति: २०८०।०७।१८

.......................
केदार कार्की
मुख्यमन्त्री

मुख्यमन्त्री